# कर्पोरेट डेभलपमेन्ट बैंक लि विरगंज, पर्सालाई शीघ्र सुधारात्मक कारवाही गरिएको सम्वन्धी सूचना

कर्पोरेट डेभलपमेन्ट बैंक लि को कर्जा जोखिम अत्यधिक रहेको व्यहोरा यस बैंकको सुपरिवेक्षणवाट देखिएको तथा सो संस्थाको उच्च जोखिमको कारणले सुपरिवेक्षकीय समायोजन पश्चात् रु.२८ करोड ११ लाख ८४ हजार कर्जा नोक्सानी व्यवस्था थप गर्नुपर्ने देखिएको र यसबाट त्यस संस्थाको पूँजीकोष ६.०४ प्रतिशत हुने भई यस बैंकको न्यूनतम पूँजीकोष सम्वन्धी निर्देशन पालना नगरेको हुँदा कर्पोरेट डभलपमेन्ट बैंक लि विरगंज, पर्सालाई मिति २०७०।५।२ देखि बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३(ग) अनुसार कारवाही गरी देहाय बमोजिम गर्न/गराउन निर्देशन दिइएको छ ।

क) संस्थाको पूँजी बृद्धि (रि-क्यापिटलाईजेशन) गर्न एक महिना भित्र पूँजी योजना पेश गर्न ।
ख) लाभांश तथा बोनस शेयर घोषणा नगर्न ।
ग) नयाँ शाखा नखोल्न ।
घ) संस्थाको मिति २०७०।४।३२ गते कायम हुन आएको निक्षेप रु.१,१३,९६,६७,१९५।५१ को सीमाभित्र रही निक्षेप परिचालन गर्न ।
ङ) थप निक्षेप खाता नखोल्न ।
च) थप कर्जा प्रवाह नगर्न ।
छ) खरिद वा लिज प्रकृया मार्फत थप स्थिर सम्पत्ति प्राप्त नगर्न ।
ज) यस बैंकको पूर्व स्वीकृति बिना बैंक/वित्तीय संस्थाका संचालक तथा कर्मचारीहरुलाई प्रोत्साहन भत्ता, संस्था छोड्दा दिने अन्य सुविधा बृद्धि, व्यवस्थापन शुल्क वा व्यवस्थापनको तजविजले दिन सक्ने अन्य क्षतिपूर्ति आदि, प्रदान नगर्न ।